## जिल्ला प्रशासन कार्यालय बैतडीका सेवाग्राहीको कोभिड-१९ Antigen परिक्षण प्रतिवेदन

कोभिड-१९ महामारीको उच्च संक्रमण दर न्युनिकरणका लागि बैतडी जिल्ला प्रशासन कार्यालयले बिभिन्न रणनीति र उपायहरु अपनाउँदै आएको छ । मिति २०७८/०४/१७ गते जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आएका सेवाग्राहीको कोभिड-१९ Antigen परिक्षण गर्ने कार्य सम्पन्न भयो । जिल्लाको विभिन्न स्थानहरुबाट यस कार्यालयमा सेवा लिन आएका सेवाग्राहीले समग्र जिल्लाको नमुना प्रतिनिधित्व गर्ने भएको हुँदा कोरोना परिक्षणको रिपोर्टले समग्र जिल्लालाई प्रतिनिधित्व गर्ने अपेक्षा लिईएको थियो । कार्यालयमा भएका ११६ जना सेवाग्राहीको कोभिड-१९ Antigen परिक्षणबाट प्राप्त रिपोर्टको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | संख्या | प्राप्त रिपोर्ट | | कैफियत |
|---|---|---|---|---|---|
| | | | पोजेटिभ | नेगेटिभ | |
| १ | एन्टीजिन परिक्षण | ११६ | ० | ११६ | |

**निष्कर्ष:** माथि उल्लेखित तालिकाबाट यो प्रष्ट हुन्छ कि जिल्लामा कोभिड-१९ को संक्रमण दरमा कमी आएको छ । परिक्षण गरिएका ११६ वटा नमुनामा सबै नेगेटिभ आउनु सुखद् पक्ष भएपनि यो एउटा नमुना परिक्षण मात्रै हो । तसर्थ जिल्लाका विभिन्न सार्वजनिक स्थलका आम नागरिकको कोरोना परिक्षण गरिएमा नमुना परिक्षणको दायरा फराकिलो हुन गई समग्र जिल्लाको प्रतिनिधित्व हुने गरि कोरोना संक्रमणको वास्तविक नमुना प्राप्त हुने कुरामा दुई मत छैन ।

प्रसाशकीय अधिकृत